<u>बैठक नं. ५९</u>

आज मिति २०८२ साल माघ २५ गते आइतवार बिहान ८:०० बजे तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा तपसिलको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | कार्यपालिका सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | कार्यपालिका सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | कार्यपालिका सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | कार्यपालिका सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १४ | कार्यपालिका सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | कार्यपालिका सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन दर्जी | | ९८५१२४९२०४ |

बैठकका प्रस्तावहरु:

१) कार्यपालिकाको ५८ औ बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२) वडा न.२ को खेलमैदान निर्माण सम्बन्धमा ।

३) सडक डिभिजन चरिकोट दोलखाको च.न.७८५ मिति २०८२।१०।११ गतेको पत्र सम्बन्धमा ।

४) तथ्याङ्क संकलन कर्ताको पारिश्रमिक सुविधा सम्बन्धमा ।

निर्णय न.१: तामाकोशी गाउँपालिकाको ५८ औ कार्यपालिका वैठकमा निर्णय भएका विषयहरुको समीक्षा गरियो ।

निर्णय न.२: आर्थिक बर्ष २०८२।०८३ को युवा तथा खेलकुद मन्त्रालय बागमती प्रदेशबाट प्राप्त स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस गाउँपालिकाको वडा न.२ झुले स्थित भिम बहादुर स्मृति खेल मैदान भौतिक पूर्वाधार निर्माण तामाकोशी २ भतेरेचौर दोलखा शीर्षकमा बजेट रु १९,४०,००० ।अक्षेरुपी एक करोड चौरानब्बे लाख चालिस हजार रुपैया बजेट प्राप्त भएकोमा सम्बन्धित कार्यालयको नियम अनुसार निर्माण गर्न र सो खेल मैदानको नाम भिम बहादुर स्मृति खेल मैदान भौतिक पूर्वाधार निर्माण तामाकोशी २ भतेरेचौर दोलखा कायम गर्नका लागि सामाजिक विकास कार्यालय धुलिखेल काभ्रेलाई सिफारिस गर्ने तथा उक्त खेलमैदान बर्षौ बर्ष देखि सार्वजनिक तथा नियमित रुपमा खेलमैदानको लागि प्रयोग हुदैं आएको हुदा उक्त क्षेत्रमा निर्माण कार्य अगाडी बढाउन समेत सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न.३: सडक डिभिजन चरिकोट दोलखाको च.न.७८५ मिति २०८२।१०।११ गतेको पत्र सम्बन्धमा छलफल गर्दा तामाकोशी मिल्ती सडक निर्माण र किर्ने ढोलीखोला सडक निर्माणको ढोलीखोला तिनकुने खण्ड सडकमा तत्काल पिच कार्यमा समेत प्रयोग गर्ने गरी वडा न ३ को ढोलीखोला क्षेत्र उपयुक्त स्थान रहेको भनि अनुरोध भइ आएकोले सो क्षेत्रमा रहेका संरचनाहरु, रुख विरुवाहरु र बस्तीलाई असर नगर्ने गरी सडकको क्षेत्राधिकारभित्र रहेका खाली क्षेत्र र सो सँग जोडिएको सार्वजनिक खाली क्षेत्र प्रयोग गरी अस्थायी रुपमा( तोकिएको योजना समयमै सम्पन्न गर्ने समयसम्म) वडा न.३ र उक्त क्षेत्रको

सामुदायिक बन उपभोक्ता समितिसँग समन्वय र अनुमति प्राप्त गरी बिटुमिन प्लान्ट स्थापना गरी संचालन गर्न दिने निर्णय गरियो ।

निर्णय नं.४: यस गाउँपालिकाको सीपयुक्त जनशक्ति रोजगारी स्वरोजगार वैदेशिक रोजगारीको अवस्थाको बारेमा तथ्याङ्क संकलनको लागि तयार पारिएको सर्वेक्षण बमोजिम तथ्याङ्क संकलनको लागि मिति २०८२।०८।०५ गतेको कार्यपालिकाको निर्णय बमोजिम घरधुरी सर्वेक्षणका लागि सर्वेक्षकका रुपमा गाउँपलिका भित्रका कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरु खटाइ तथ्याङ्क संकलन गर्ने निर्णय भएको हुँदा उक्त तथ्याङ्क संकलन कार्यमा खटिएका सर्वेक्षकहरुलाई प्रति घरधुरी रु ५०। र संचार खर्च वापत रु ५००।पारिश्रमिक र सुविधा उपलब्ध गराउने निर्णय गरियो ।